# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

## प्रेस विज्ञप्ति

मिति : २०७४।०८।२८

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यातले आज मिति २०७४।०८।२८ गते नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको आर्थिक वर्ष २०७३/७४ को सत्ताइसौं बार्षिक प्रतिवेदन राष्ट्रपति कार्यालय, शितलनिवासमा आयोजित बिशेष समारोहका बीच सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गर्नुभयो।

२. सम्माननीय राष्ट्रपतिज्यूले आयोगको बार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न रणनीतिहरु अवलम्बन गरी सदाचार र निष्पक्षता कायम गरी सुशासन कायम गर्न आयोगले अझ प्रभावकारी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्नु भयो । साथै आयोगले दिएका सुझावहरु नेपाल सरकारले गम्भिरतापूर्वक कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्दै प्रतिवेदन तयार गरी पेश गर्ने सबैलाई धन्यवाद समेत दिनुभयो ।

३. आयोगले सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको बार्षिक प्रतिवेदनमा आयोगबाट सम्पादित कार्यहरुको संख्यात्मक विवरण, अभियोजन र पुनरावेदनसम्बन्धी विवरण, कानूनबमोजिम सम्बन्धित कार्यालयहरुमा लेखी पठाइएको विवरण, तामेली र मुल्तबीसम्बन्धी विवरण, संस्थागत सुदृढिकरणतर्फ आयोगका प्रयासहरु, आयोगले गरेका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरुका साथै भ्रष्टाचारजन्य प्रवृत्तिको विश्लेषण तथा नेपाल सरकारलाई भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नका लागि दिइएका सुझावहरु समेत समावेश गरिएको छ।

४. आर्थिक वर्ष २०७३।७४ मा आयोगको ७६ वटा बैठकबाट विभिन्न विषयहरूमा गरी जम्मा ८६० वटा निर्णयहरू लिइएको थियो।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मातहतका कार्यालयहरूबाट आर्थिक वर्ष २०७३/७४ मा सार्वजनिक निकायहरूमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप र अनियमितताजस्ता विषयमा विभिन्न माध्यमहरूबाट आयोगमा प्राप्त ११,७०४ र गत आ.व. बाट जिम्मेवारी सरेका ७,८७६ गरी जम्मा १९,५८० उजुरीहरू उपर अनुसन्धान तथा तहकिकात गरिएको थियो।

६. आयोगमा परेका उजुरीहरु मध्ये शिक्षा क्षेत्रसँग सम्बन्धित उजुरी करिब २०.३०%, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग सम्बन्धित १५.५४%, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग सम्बन्धित ६.८५%, स्वास्थ्य सेवासँग सम्बन्धित ४.६०%, गृह मन्त्रालयसँग सम्बन्धित ४.५७% तथा वन तथा भू-संरक्षण मन्त्रालयसँग सम्बन्धित उजुरी ३.८७% रहेको छ।

७. कुल १९,५८० उजुरीमध्ये ७,०६५ वटा उजुरी प्रारम्भिक छानबिनबाट तामेलीमा राखिएको, ३०६ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको र ४,४९० वटा उजुरी अन्य आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको थियो।

८. आयोगबाट विस्तृत अनुसन्धानपश्चात् १५४ वटा मुद्दा विशेष अदालतमा दायर गर्ने निर्णय भएको थियो। उक्त मुद्दाहरुमा २६७ जना प्रतिवादी उपर एघार अरब बाउन्न करोड एघार लाख बत्तीस हजार पाँच सय तीस रुपैया पचपन्न पैंसा (११,५२,११,३२,५३०।५५) बिगो मागदाबी लिइएको छ।

९. आयोगबाट विशेष अदालतमा दायर गरिएका मुद्दाहरुमा घुस (रिसवत)सम्बन्धी ५४, झुठा शैक्षिक योग्यताको प्रमाणपत्रसम्बन्धी ४०, सार्वजनिक सम्पत्तिको हानिनोक्सानीसम्बन्धी १८, गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी ११, गैरकानूनी लाभ वा हानि पुऱ्याएकोसम्बन्धी ११, राजश्व चुहावटसम्बन्धी ४ र विविध बिषयका ६ वटा मुद्दाहरु रहेका छन्।

१०. आयोगबाट विगत वर्षहरूमा विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७३।७४ मा १६० वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ, जसमध्ये ७३.१३% मुद्दाहरूमा पूर्ण वा आंशिकरुपमा आयोगको मागदावी बमोजिम फैसला भएको पाइएको छ ।

११. प्रतिवेदन अवधिमा १४६ वटा बिषयहरुमा कानूनबमोजिम आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको थियो भने सार्वजनिक निकायहरुले गर्नुपर्ने सुधारका सम्बन्धमा ६९ वटा सुझावहरू पठाइएको थियो। साथै, ७१ जनालाई विभागीय कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाइएको र ४ वटा बिषयहरूमा दुष्परिणाम सच्याउनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको थियो।

१२. सार्वजनिक जग्गाको अतिक्रमण भई व्यक्तिका नाममा दर्ता गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आयोग क्रियाशील रहँदै आएको छ। आर्थिक वर्ष २०७३।७४ मा अनुसन्धानबाट व्यक्तिका नाममा दर्ता देखिन आएका सरकारी तथा सार्वजनिक जग्गाहरुको निर्णय बदर गरी नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको मध्ये काठमाडौं उपत्यका लगायतका पहाडी क्षेत्रमा करिब पाँच रोपनी र तराईमा करिब दुई बिघा सरकारी तथा सार्वजनिक जग्गा नेपाल सरकारको नाममा आइसकेको छ भने करिब छ रोपनी र सतहत्तर बिघा सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम हुने क्रममा रहेको छ।

१३. आयोगबाट भएको अनुसन्धानको सिलसिलामा सार्वजनिक सम्पत्ति असुल उपर हुँदै आएको छ। आर्थिक वर्ष २०७३।७४ मा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट हानिनोक्सानीहरु सच्याउने कार्य भै आठ करोड पचपन्न लाख चौरासी हजार दुई सय चौहत्तर रुपैया (८,५५,८४,२७४।-) असुल उपर भएको थियो भने दुई करोड एक लाख चौहत्तर हजार बाउन्न रुपैया (२,०१,७४,०५२।-) असुल उपर गर्नका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको थियो।

१४. प्रवर्द्धनात्मक एवं निरोधात्मक रणनीतिअन्तर्गत आयोगले विभिन्न निकायहरूका पदाधिकारीहरूसँग भ्रष्टाचार नियन्त्रणका लागि ३४ वटा समन्वयात्मक बैठकहरू आयोजना गरी सुशासन कायम गर्न आवश्यक सुझाव दिएको थियो। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने प्रयोजनका लागि स्थानीय स्तरमा सचेतना अभिवृद्धि गराउन सामुदायिक शिक्षा तथा अन्तर्क्रिया कार्यक्रमहरु सञ्चालन गर्नुका साथै सञ्चार माध्यमहरूबाट सदाचारसम्बन्धी सन्देशमूलक सामाग्री प्रसारण तथा प्रकाशन गरिएका थिए।

१५. संवैधानिक र कानूनी दायित्व पूरा गर्ने क्रममा आयोगका सामु विभिन्न नीतिगत, संस्थागत र कार्यगत चुनौतीहरू रहेका भए तापनि भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोग कटिवद्ध रहँदै आएको छ। अनुसन्धानलाई निष्पक्ष, तटस्थ र प्रमाणमा आधारित बनाउनका लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, कार्य वातावरणमा सुधार गर्ने, भौतिक स्रोत साधन एवम् नवीन उपकरणहरूको उपयोग गर्ने, अध्ययन अनुसन्धानमा जोड दिनेजस्ता नीतिगत, संस्थागत र कार्यप्रक्रियागत सुधारका कार्यहरु आयोगले प्राथमिकतामा राखी कार्यान्वयन गरिरहेको छ।

१६. भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न राज्यका प्रत्येक निकायले जिम्मेवारी र जवाफदेहीका साथ कार्य गर्न आवश्यक रहेको आयोगले महशुस गरेको छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नका लागि यस वर्षको प्रतिवेदनमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कार्यका लागि नीतिगत एवं संस्थागत सुधारका सुझावहरू प्रस्तुत गरिएका छन्। उक्त सुझावहरु सम्बन्धित निकायबाट कार्यान्वयन हुन सकेमा भ्रष्टाचार नियन्त्रण भई सुशासन प्रवर्द्धन हुने विश्वास लिइएको छ।

१७. आयोगको जिम्मेवारी र दायित्व निर्वाह गर्ने दिशामा सम्माननीय राष्ट्रपतिज्यूबाट समय समयमा प्राप्त निर्देशनका लागि आयोग आभारी छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कार्यमा सहयोग पु¥याउनु हुने राजनीतिक नेतृत्व, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, नेपालस्थित कुटनीतिक नियोगहरु, भ्रष्टाचार विरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरु, संचार जगत र आम नागरिकप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा यस्तो सहयोग निरन्तर र अझ व्यापक रुपमा प्राप्त हुनेछ भन्ने आयोगले विश्वास लिएको छ।

१८. बार्षिक प्रतिवेदन प्रस्तुत समारोहमा आयोगका माननीय आयुक्तहरु नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, राजनारायण पाठक, डा. सावित्री थापा गुरुङ, आयोगका सचिव राजन खनाल लगायत आयोगका वरिष्ठ कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

मानननीय प्रमुख आयुक्तज्यूले सम्माननीय राष्ट्रपतिज्यूसमक्ष बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने क्रममा दिनुभएको मन्तव्यको पूर्णपाठ

सम्माननीय राष्ट्रपतिज्यू,

१. आयोगले भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने दिशामा सम्पादन गरेका कार्यहरु समेटी तयार पारिएको आर्थिक वर्ष २०७३।७४ को सत्ताइसौं बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अवसर पाएकोमा म सम्माननीय राष्ट्रपतिज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु।
संवैधानिक निकायले आफूले गरेका काम कारबाहीहरूको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरुप आयोगले आर्थिक वर्ष २०७३/७४ मा सम्पादन गरेका समग्र क्रियाकलापहरुको प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गर्न पाउँदा म लगायत मेरा सहकर्मी मित्रहरु र राष्ट्रसेवक कर्मचारीहरु गौरवान्वित भएका छौं।

२. नेपालको संविधानको धारा २९४ बमोजिम "संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेश गर्न लगाउनेछ" भन्ने संवैधानिक ब्यवस्था रहेको छ । यस ब्यवस्थाले सार्वभौम नेपाली जनताको प्रतिनिधि संस्था संसद, सम्माननीय राष्ट्रपतिज्यू र संवैधानिक निकायलाई सुशासन स्थापित गर्ने प्रयोजनका लागि एउटै सूत्रमा आवद्ध र क्रियाशील गराई उत्तरदायित्वको अवधारणालाई संस्थागत रुपमा नै स्थापित गराएको छ भन्ने मलाई लागेको छ।

३. सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्ने र अनुसन्धानबाट भ्रष्टाचार गरेको देखिन आएमा सो उपर अभियोजन गर्नसक्ने अधिकार नेपालको संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको छ। संविधान तथा कानून प्रदत्त सोही कार्याधिकारको दायरामा रही आयोगले भ्रष्टाचारजन्य कार्यउपर छानविन, अनुसन्धान, तहकिकात तथा अभियोजन सम्बन्धी कार्य गर्दै आएको छ। अनुसन्धानसम्बन्धी कार्यका साथसाथै भ्रष्टाचार नियन्त्रणका लागि आयोगले निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरु समेत सम्पादन गर्दै आएको व्यहोरा म निवेदन गर्न चाहन्छु।

सम्माननीय राष्ट्रपतिज्यू,

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मातहतका कार्यालयहरूबाट आर्थिक वर्ष २०७३/७४ मा सार्वजनिक निकायहरूमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप र अनियमितताजस्ता विषयमा विभिन्न माध्यमहरूबाट आयोगमा प्राप्त ११,७०४ र गत आ.व. बाट जिम्मेवारी सरेका ७,८७६ गरी जम्मा १९,५८० उजुरीहरू उपर अनुसन्धान तथा तहकिकात गरिएको थियो। कुल १९,५८० उजुरीमध्ये ७,०६५ वटा उजुरी प्रारम्भिक छानबिनबाट तामेलीमा राखिएको, ३०६ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको र ४,४९० वटा उजुरी अन्य आवश्यक कारबाहीका लागि सम्बन्धित

निकायमा लेखी पठाइएको थियो। आयोगबाट विस्तृत अनुसन्धानपश्चात् १५४ वटा मुद्दा विशेष अदालतमा दायर गर्ने निर्णय भएको थियो। उक्त मुद्दाहरुमा २६७ जना प्रतिवादी उपर एघार अरब बाउन्न करोड एघार लाख बत्तीस हजार पाँच सय तीस रुपैया पचपन्न पैंसा (११,५२,११,३२,५३०।५५) बिगो मागदाबी लिइएको छ।

५. प्रतिवेदन अवधिमा १४६ वटा बिषयहरुमा कानूनबमोजिम आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको थियो भने सार्वजनिक निकायहरुले गर्नुपर्ने सुधारका सम्बन्धमा ६९ वटा सुझावहरू पठाइएको थियो। साथै, ७१ जनालाई विभागीय कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाइएको र ४ वटा बिषयहरूमा दुष्परिणाम सच्याउनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको थियो।

सम्माननीय राष्ट्रपतिज्यू,

६. सार्वजनिक जग्गाको अतिक्रमण भई व्यक्तिका नाममा दर्ता गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आयोग क्रियाशिल रहँदै आएको छ। आर्थिक वर्ष २०७३।७४ मा अनुसन्धानबाट व्यक्तिका नाममा दर्ता देखिन आएका सरकारी तथा सार्वजनिक जग्गाहरुको निर्णय बदर गरी नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको मध्ये काठमाडौं उपत्यका लगायतका पहाडी क्षेत्रमा करिब पाँच रोपनी र तराईमा करिब दुई बिघा सरकारी तथा सार्वजनिक जग्गा नेपाल सरकारको नाममा आइसकेको छ भने करिब छ रोपनी र सतहत्तर बिघा सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम हुने क्रममा रहेको छ।

७. आयोगबाट भएको अनुसन्धानको सिलसिलामा सार्वजनिक सम्पत्ति असुल उपर हुँदै आएको व्यहोरा समेत म यहाँ निवेदन गर्न चाहन्छु। आर्थिक वर्ष २०७३।७४ मा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट हानिनोक्सानीहरु सच्याउने कार्य भै आठ करोड पचपन्न लाख चौरासी हजार दुई सय चौहत्तर रुपैया (८,५५,८४,२७४।-) असुल उपर भएको थियो भने दुई करोड एक लाख चौहत्तर हजार बाउन्न रुपैया (२,०१,७४,०५२।-) असुल उपर गर्नका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको थियो।

सम्माननीय राष्ट्रपतिज्यू,

८. प्रवर्द्धनात्मक एवं निरोधात्मक रणनीतिअन्तर्गत आयोगले विभिन्न मन्त्रालय/विभाग र कार्यालयहरूका पदाधिकारीहरूसँग भ्रष्टाचार नियन्त्रणका लागि ३४ वटा समन्वयात्मक बैठकहरू आयोजना गरी सुशासन कायम गर्न आवश्यक सुझाव दिएको थियो। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने प्रयोजनका लागि स्थानीय स्तरमा सचेतना अभिवृद्धि गराउन सामुदायिक शिक्षा तथा अन्तर्क्रिया कार्यक्रमहरु सञ्चालन गर्नुका साथै सञ्चार माध्यमहरूबाट सदाचारसम्बन्धी सन्देशमूलक सामाग्री प्रसारण तथा प्रकाशन गरिएका थिए।

९. संवैधानिक र कानूनी दायित्व पूरा गर्ने क्रममा आयोगका सामु विभिन्न नीतिगत, संस्थागत र कार्यगत चुनौतीहरू रहेका भए तापनि भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोग कटिवद्ध रहँदै आएको छ। अनुसन्धानलाई निष्पक्ष, तटस्थ र प्रमाणमा

आधारित बनाउनका लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, कार्य वातावरणमा सुधार गर्ने, भौतिक स्रोत साधन एवम् नवीन उपकरणहरूको उपयोग गर्ने, अध्ययन अनुसन्धानमा जोड दिनेजस्ता नीतिगत, संस्थागत र कार्यप्रक्रियागत सुधारका कार्यहरु आयोगले प्राथमिकतामा राखी कार्यान्वयन गरिरहेको व्यहोरा म यहाँ निवेदन गर्न चाहन्छु।

सम्माननीय राष्ट्रपतिज्यू,

१०. भ्रष्टाचार नियन्त्रणका दिशामा आयोगले संवैधानिक र कानूनी अधिकारको प्रयोग गरी निष्पक्ष र तटस्थरुपमा काम गर्दै आएको छ। विगतका संविधानमा आयोगलाई भ्रष्टाचार सम्बन्धी कार्यको अनुसन्धान तथा अभियोजन गर्न पाउने अधिकारको साथै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेमा अनुसन्धान गरी आवश्यक कारबाही गर्न वा गराउनसक्ने व्यवस्था रहेकोमा वर्तमान संविधानमा अनुचित कार्यसम्बन्धी व्यवस्था आयोगको क्षेत्राधिकारमा परेको छैन। अनुचित कार्यलाई हेर्ने छुट्टै निकाय पनि संविधानमा ब्यवस्था गरिएको छैन। यस्तो अवस्थामा अनुचित कार्य गर्ने उपर कुनै कारबाही नभई उन्मुक्ति पाउने जस्तो अवस्था देखिन आएको छ। सुशासन प्रवर्द्धनका दिशामा अनुचित कार्यमाथिको अनुसन्धान तथा कारबाही आवश्यक रहने भएता पनि अनुचित कार्यसम्बन्धी कारबाहीको ब्यवस्था आयोगको क्षेत्राधिकारभित्र नपरेबाट भ्रष्टाचार नियन्त्रणका दिशामा गम्भिर चुनौती देखिएको छ।

११. भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न राज्यका प्रत्येक निकायले जिम्मेवारी र जवाफदेहीका साथ कार्य गर्न आवश्यक रहेको आयोगले महशुस गरेको छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नका लागि गत वर्ष दिइएका सुझावहरुको ठोस कार्यान्वयन हुन नसकेको व्यहोरा सम्माननीय राष्ट्रपतिज्यू समक्ष म निवेदन गर्न चाहन्छु। गत वर्ष दिइएका सुझावका साथै यस वर्षको प्रतिवेदनमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कार्यका लागि नीतिगत एवं संस्थागत सुधारका सुझावहरू प्रस्तुत गरिएका छन्।उक्त सुझावहरु सम्बन्धित निकायबाट कार्यान्वयन हुन सकेमा भ्रष्टाचार नियन्त्रण भई सुशासन प्रवर्द्धन हुने विश्वास लिइएको छ।

१२. हालै संविधान कार्यान्वयनको सिलसिलामा स्थानीय, प्रदेश र संघको निर्वाचन सम्पन्न भईसकेको छ। संवैधानिक व्यवस्था अनुरुप ती निकायहरुमा साधनस्रोतको बाँडफाँड र उपभोग हुने र आगामी दिनमा विकासका क्रियाकलापहरुमा हुने विस्तारका कारण स्रोत र साधनको सदुपयोगतर्फ आयोगको सजगता पनि त्यत्तिकै अपरिहार्य छ भन्ने आयोगलाई लागेको छ र यस दिशामा आयोग सजग रहेको व्यहोरा समेत निवेदन गर्न चाहन्छु। यस सन्दर्भमा भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता अहिलेको प्रमुख मुद्दा भएकोले सुशासन प्रवर्द्धनका लागि भ्रष्टाचारमा शून्य सहनशिलता कायम गर्न सबै पक्ष इमान्दार भएमा मुलुक समृद्धितर्फ उन्मुख हुने विश्वास आयोगले लिएको छ।

१३. अन्त्यमा, आयोगको जिम्मेवारी र दायित्व निर्वाह गर्ने दिशामा सम्माननीय राष्ट्रपतिज्यूबाट समय समयमा हामीलाई प्राप्त निर्देशनका लागि आयोगको तर्फबाट आभार व्यक्त गर्न चाहन्छु। भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने राजनीतिक नेतृत्व, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, नेपालस्थित कुटनीतिक नियोगहरु, भ्रष्टाचार विरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरु, संचार जगत र आम नागरिकप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा यस्तो सहयोग निरन्तर र अझ व्यापक रुपमा प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु।

आफ्नो व्यस्तताका वावजुद सम्माननीय राष्ट्रपतिज्यूबाट हामीलाई समय उपलब्ध गराई आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन ग्रहण गरिदिनुभएकोमा आयोग परिवार र मेरो व्यक्तिगत तर्फबाट समेत सम्माननीय राष्ट्रपतिज्यू समक्ष हार्दिक कृतज्ञता प्रकट गर्दछु।

धन्यवाद।